# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा प्रवाह संबन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट फैलिरहेको र त्यसको प्रभाव नेपालमा पनि उच्च दरले वृद्धि भैरहेको अवस्था छ । यस काभ्रेपलाञ्चोक जिल्लामा समेत त्यसको विस्तार भएको र काठमाडौं उपत्यकामा निषेधाज्ञा जारी भई यस जिल्लाका सेवाग्राही समेत त्यसबाट प्रत्यक्ष रुपमा प्रभावित हुने अवस्थालाई दृष्टिगत गरी संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून ब्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षालाई ध्यानमा राखी मिति २०७८।१।१६ गतेदेखि लागू हुने गरी अर्को सूचना जारी नभएसम्म बढीमा मिति २०७८।१।३१ गतेसम्म देहायका बाहेक अन्य सेवा स्थगन गरिएको बेहोरा सम्मानित सर्वोच्च अदालतको मिति २०७८|०१|१४ गतेको निर्णय तथा मिति २०७८।१।१५ गते बसेको बार-बेञ्च लगायत सरोकारवालाहरुसँगको छलफल समेतका आधारमा यस अदालतको पूर्ण बैठकबाट भएको निर्णयानुसार सम्पूर्ण कानून ब्यवसायी, सेवाग्राही तथा सरोकारवालामा जानकारीका लागि अनुरोध छ।

१. मिति २०७८।१।१६ गतेबाट अन्तिम हदम्याद भएका फिरादपत्र दर्ता गर्ने । तर फिराद गर्ने पक्षहरु ७० वर्ष भन्दा माथिको बृद्ध, अशक्त तथा बालबालिका सम्मिलित पक्षले फिराद दर्ता गर्न ल्याएमा उल्लिखित प्रावधान लागू नहुने ।
२. घरेलु हिंसा संबन्धी फिरादपत्र दर्ता र त्यस उपर सुनुवाई गर्ने ।
३. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञाका निवेदन उपर सुनुवाई गर्ने ।
४. पक्राउ पुर्जी अनुमति , कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको स्वीकृति सम्बन्धी कार्यहरु गर्ने ।
५. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने,(म्याद थप गर्ने) ।
६. अभियोगपत्र दर्ता, बयान तथा थुनछेक सम्बन्धी कारवाही गर्ने ।
७. प्रतिउत्तरपत्रहरु दर्ता हुन आएमा अदालतको कार्यवोझका आधारमा संभव भएसम्म दर्ता गर्ने ।
८. अधिकृतवारेशनामा तथा दर्ता विवाह प्रमाणित गर्ने ।
९. सजाय निर्धारणका लागि तोकिएको मुद्दाको सुनुवाई गर्ने ।
१०. दर्ता भएका मुद्दामा जग्गा रोक्काको निवेदन परेमा त्यस उपर सुनुवाई गर्ने ।
११. मुद्दा फिर्ता, डिसमिस, तामेली तथा मिलापत्रको निवेदनमा कानून बमोजिमको कारवाही गर्ने ।
१२. अर्ध न्यायिक निकायले गरेको मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को दफा ७३ बमोजिमको आदेश उपरका निवेदनमा सुनुवाई गर्ने ।
१३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ नं. बमोजिम परेका निवेदनमा सुनुवाई गर्ने ।
१४. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद तारेख नगुज्रिने ।
१५. अदालतमा स्वास्थ्य सुरक्षा सम्बन्धी र अन्य ब्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने ।

०७८।१।१६

शिरस्तेदार (उपसचिव)